# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो दुई महिनाको तथ्याङ्कमा आधारित)*


**नेपाल राष्ट्र बैंक**

**मंसिर २०६२**

***www.nrb.org.np***

## कार्यकारी सारांश

१ आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनासम्ममा विस्तृत मुद्रा प्रदाय ०.८ प्रतिशतको सीमान्त दरले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदाय ०.५ प्रतिशतले घटेको थियो ।

२ मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्ति अघिल्लो वर्ष ०.८ प्रतिशतले घटेको विपरीत यस वर्ष २.० प्रतिशत (रु. २ अर्ब) ले बढेको कारण विस्तृत मुद्रा प्रदाय समीक्षा अवधिमा विस्तार भएको हो ।

३ मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनासम्ममा ०.८ प्रतिशतले मात्र वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी २.९ प्रतिशतले वृद्धि भएको थियो । कर्जा असूलीतर्फ थप प्रयासको फलस्वरुप निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा विस्तार दरमा समीक्षा अवधिमा कमी आएको हो ।

४ आवधिक निक्षेप वृद्धिदर अघिल्लो वर्षको २.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.८ प्रतिशतले वृद्धि भएको छ । केही वाणिज्य बैंकहरुको निक्षेपदर बढेको र आवधिक निक्षेपसम्बन्धी विविध कार्यक्रमहरु संचालनमा आएका कारण समीक्षा अवधिमा आवधिक निक्षेपमा सुधार आएको हो ।

५ अल्पकालीन ब्याजदर अघिल्लो वर्षको तुलनामा स्थिरीकरण भएको छ भने अन्तर बैंक कारोवारमा उल्लेख्य वृद्धि भएको छ । आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिमा मौद्रिक कारोवारलाई पारदर्शी बनाइएको र स्थायी तरलता सुविधाको अधिकतम समयावधि ५ दिनबाट ३ दिनमा झारिएको हुनाले अन्तरबैंक कारोवार उल्लेख्य रुपमा बढेको हो । मौद्रिक नीति सञ्चालनका सम्बन्धमा यो सकारात्मक विकास हो ।

६ शेयर बजारतर्फ नेप्से परिसूचक अघिल्लो वर्ष भाद्र मसान्तको तुलनामा २०६२ भाद्र मसान्तमा २५.१ प्रतिशतले वृद्धि भई २९३.३५ विन्दुमा पुगेको छ । सूचीकृत कम्पनीको संख्या अघिल्लो वर्ष भाद्र मसान्तको ११५ को तुलनामा २०६२ भाद्रमा १२५ पुगेको छ । सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०६१ भाद्रको रु. १२ अर्ब ५२ करोडको तुलनामा २०६२ भाद्रमा रु. १७ अर्व ४० करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुको सूचिकृत संख्या र उनीहरुले वित्तरण गर्ने अग्राधिकार शेयर र वोनस शेयरको मात्रा बढेकोले पूँजी बजारमा सुधार आएको हो ।

७ शेयर बजारमा बजार पूँजीकरण २०६१ भाद्रको रु. ४४ अर्व ९४ करोडको तुलनामा २०६२ भाद्रमा ४९.० प्रतिशतले वृद्धि भई रु. ६६ अर्व ९५ करोड पुगेको छ । बजार पूँजीकरण कुल गार्हस्थ्य उत्पादन अनुपात अघिल्लो वर्ष भाद्रको ८.५ प्रतिशतको तुलनामा २०६२ भाद्रमा ११.४ प्रतिशत पुगेको छ ।

८ आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनामा उपभोक्ता मूल्य विन्दुगत आधारमा ८.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीतिदर २.६ प्रतिशत मात्र रहेको थियो । आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनामा वार्षिक

औसत मुद्रास्फीति दर ७.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा वार्षिक औसत मुद्रास्फीतिदर २.५ प्रतिशत रहेको थियो ।

९ आर्थिक वर्ष २०६२/६३ को पहिलो दुइ महिनासम्म नगद कारोवारमा आधारित श्री ५ को सरकारको बजेट बचत ९४.१ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ४ अर्ब रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा बजेट बचत रु. २ अर्ब रहेको थियो । श्री ५ को सरकारको कुल खर्चको तुलनामा साधन वृद्धिदर उच्च रहेको कारण समीक्षा अवधिमा बजेट बचत उल्लेख्य रहेको हो ।

१० समीक्षा अवधिमा श्री ५ को सरकारको कुल खर्च अघिल्लो वर्ष २५.८ प्रतिशतले घटेको तुलनामा १७.१ प्रतिशतले बढेको छ । कुल खर्च (रु. ८ अर्ब) मध्ये चालु खर्चको अंश ६५.९ प्रतिशत (रु. ५ अर्ब ३० करोड) रहेको छ भने पूँजीगत खर्चको अंश ०.६ प्रतिशत (रु. ५ करोड) रहेको छ । साँवा भुक्तानीको अंश ५.० प्रतिशत (रु. ४० करोड) रहेको छ भने फ्रिज खाताको अंश २८.५ प्रतिशत (रु. २.३ अर्ब) रहेको छ ।

११ समीक्षा अवधिमा श्री ५ को सरकारको गैर ऋण साधन अघिल्लो वर्षको ९.७ प्रतिशत वृद्धिको तुलनामा ३५.१ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ । कुल गैर ऋण साधन (रु. १२ अर्ब) मध्ये राजश्व अघिल्लो वर्ष ८.४ प्रतिशतले वृद्धि भएको तुलनामा समीक्षा अवधिमा १३.४ प्रतिशतले वृद्धि भएको छ । कुल गैर ऋण साधन परिचालनमा राजश्वको अंश ७३.० प्रतिशत रहेको छ ।

१२ वाह्य क्षेत्रतर्फ, समीक्षा अवधिमा मौद्रिक सर्वेक्षणमा आधारित शोधनान्तर बचत रु. २ अर्ब १३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर रु. ८२ करोडले घाटामा थियो । रेमिटान्स आप्रवाह वृद्धि भएबाट समीक्षा अवधिमा शोधनान्तर बचतमा रहेको हो ।

१३ आर्थिक वर्ष २०६१/६२ को प्रथम दुई महिनासम्ममा कुल निर्यात १०.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ५.५ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात २०.६ प्रतिशतले वृद्धि भएको छ भने तेस्रो मुलुकतर्फको निर्यात ३.८ प्रतिशतले घटेको छ ।

१४ समीक्षा अवधिमा कुल आयात अघिल्लो वर्ष ६.० प्रतिशतले घटेको विपरीत २५.२ प्रतिशतले बढेको छ । कुल आयातमध्ये भारतको आयात २७.३ प्रतिशतले र तेस्रो मुलुकतर्फको आयात २१.९ प्रतिशतले बढेको छ ।

१५ आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनासम्म कुल विदेशी विनिमय सञ्चिति रु १३३ अर्ब ५५ करोड रहेको छ । यो सञ्चिति १०.८ महिनाको वस्तु आयात र ८.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।

# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को पहिलो दुई महिनाको तथ्याङ्कमा आधारित)*

१. विस्तृत मुद्रा प्रदाय ($M_2$) अघिल्लो वर्ष घटेको विपरीत आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनासम्ममा सीमान्त रुपले बढेको छ । विस्तृत मुद्रा प्रदायको विस्तार प्रमुख रुपमा खुद बैदेशिक सम्पत्तिको वृद्धिका कारणले भएको छ । खुद बैदेशिक सम्पत्ति समीक्षा अवधिमा रु २ अर्ब १३ करोडले बढेको छ । विप्रेषण आप्रवाह संतोषजनक रहेकोले खूद वैदेशिक सम्पति बढेको हो । माग पक्षबाट हेर्दा भने मुद्रा गुणकमा आएको वृद्धिले गर्दा समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय बढेको हो ।

२. मौद्रिक आधारको रुपमा रहेको संचित मुद्रा भने यस वर्षको समीक्षा अवधिमा पनि गत वर्ष जस्तै घट्दो क्रममा रहेको छ । बाणिज्य बैंकहरूले नेपाल राष्ट्र बैंकमा न्यूनतम तरलता राख्ने गरेकाले एकातर्फ संचित मुद्रा घटन गएको छ भने अर्को तर्फ मुद्रा गुणक बढाउन सहयोग पुऱ्याएको छ ।

३. आन्तरिक कर्जा, समीक्षा अवधिमा १.५ प्रतिशतले घटेको छ, । यस्तो कर्जा गत वर्ष सीमान्त रुपमा बढेको थियो । आन्तरिक कर्जाका क्षेत्रहरू मध्ये केही घटेका छन भने केहीको वृद्धिदरमा कमी आएको छ । उदाहरणको लागि निजी क्षेत्रलाई जाने कर्जाको वृद्धिदर सीमान्त रहेको छ । कर्जा असुलीतर्फ भएको थप प्रयासको फलस्वरुप बैकिंग क्षेत्रको निजी क्षेत्रमाथि रहेको दावीको विस्तारदरमा कमी आएको हो । आन्तरिक कर्जाको अर्को अंश, श्री ५ को सरकारतर्फ जाने बैंक कर्जा घटेको छ । पूँजीगत खर्चमा कमी आएको हुदाँ समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकमा श्री ५ को सरकारको नगद बचत रहेको छ । त्यस्तै गरी गैर वित्तीय सरकारी संस्थानहरू र वित्तीय संस्थानहरू तर्फ जाने कर्जा पनि समीक्षा अवधिमा घटेको छ । केही गैर वित्तीय सरकारी संस्थानहरू जस्तै नेपाल आयाल निगम, नेपाल विद्युत प्राधिकरण र जनक शिक्षा सामाग्री केन्द्रले तिर्न बाँकी बैक ऋण भुक्तानी गरेका छन् । वित्तीय संस्थानहरूतर्फ ग्रामीण विकास बैंकहरूले वाणिज्य बैक सँग लिएको केही ऋण भुक्तानी गरेका छन् ।

४. विस्तृत मुद्राप्रदायका अशंहरूमध्ये, संकुचित मुद्राप्रदायको गत वर्ष झै घट्ने प्रवृति कायमै रहेको छ । चलनचल्तीमा रहेका मुद्रा र चल्ती निक्षेप दुवैको घट्ने प्रवृति कायमै रहेकाले संकुचित मुद्रा समीक्षा अवधिमा घटेको हो । यसले आर्थिक वर्षको प्रारम्धमा विद्यमान आर्थिक शिथिलतालाई प्रतिविम्वित गरेको छ । तर, आवधिक निक्षेप भने समीक्षा अवधिमा सीमान्त दरले भए पनि वृद्धि भएको छ । विप्रेषण आप्रवाहका कारण आवधिक निक्षेप वृद्धि भएको हो ।

५. खूद अमौद्रिक दायित्व, गत वर्ष बढेको विपरीत, समीक्षा अवधिमा घटेको छ । बैकिगं क्षेत्रको कर्जा असूलीका कारण व्याज मुल्तवी हिसाव घटेको र गैर बैकिगं सम्पति केही वृद्धि भएकोले खूद अमौद्रिक दायित्व घट्न गएको हो । यसले गर्दा कुल आन्तरिक कर्जा घटे तापनि खूद

आन्तरिक सम्पति सीमान्त रुपले भए पनि बढेको छ । तर, विस्तृत मुद्राप्रदायमा यसको योगदान एक दशांश भन्दा कम रहेको छ ।

**मुद्रा वजार**

६. विदेशी विनिमय बजार र वाह्य क्षेत्रको स्थायित्वमा दखल नपुगोस भनेर नेपाल राष्ट्र बैंकले समीक्षा अवधिको विभिन्न समयमा विदेशी मुद्रा वजारमा हस्तक्षेप गर्‍यो । यस पटक सबै हस्तक्षेपमा अमेरिकी डलर खरीद गरिए । समीक्षा अवधिमा करीब रु ३ अर्ब ९० करोड बराबरको अमेरिकी डलर खरीद भई सो बराबरको तरलता अर्थतन्त्रमा प्रवाह भयो । । यसरी प्रवाहित तरलतामध्ये आधा रकम ट्रेजरी विल्सको खूला बजार कारोवारमार्फत प्रशोचन गरियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले सोझै बिक्री बोलकबोलमार्फत उपरोक्त तरलता प्रशोचन गरेको थियो ।

७. खुल बजार कारोवारको माध्यमबाट प्रभावकारी तरलता व्यवस्थापन गरिएकोले समीक्षा अवधिमा बैकिंग क्षेत्रमा अधिक तरलताको स्थिति रहन पाएन । यसले गर्दा गत वर्ष जस्तो अल्पकालिन ब्याजदरहरूमा उच्च गिरावट भएन । भारित औसत ९१ दिने ट्रेजरी विल्स र भारित औसत अन्तर बैंक कारोवार दरहरू गत वर्षको तुलनामा समीक्षा अवधिमा उच्च रहे । २०६२ भाद्र महिनामा ९१ दिने ट्रेजरी विल्सको भारित औसत बट्टा दर र भारित औसत अन्तर बैंक कारोवार दरहरू क्रमशः ३.३८ प्रतिशत र ३.८७ प्रतिशत रहे जबकि गत वर्षको यसै समयमा ती दरहरू क्रमशः ०.६३ प्रतिशत र ०.३९ प्रतिशत रहेका थिए ।


८. मौद्रिक नीति पारदर्शी ढंगले संचालन हुदै आएको र सो तथ्य आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिमा पनि स्पष्ट भएको छ । गत वर्षदेखि प्रदान गरिदै आएको स्थायी तरलता सुविधाको अवधिलाई ५ दिनबाट ३ दिनमा झारिएको फलस्वरुप समीक्षा अवधिमा अन्तर बैंक कारोवार उत्साहजनक रुपमा बढेको छ । उदाहरणको लागि गत वर्षको प्रथम दुई महिनामा रु.१७.५ अर्ब बराबरको अन्तर बैंक कारोवार भएकोमा समीक्षा अवधिमा कारोवार रकम बढेर रु.४५ अर्ब पुगेको छ । अन्तर बैक कारोवारमा आएको सघनताले गर्दा बाणिज्य बैंकहरूले तरलता व्यवस्थापनको लागि गर्न स्थायी तरलता सुविधाको कम उपयोग गर्ने गरेका छन् । स्थायी तरलता सुविधा अन्तर्गत राष्ट्र बैंकबाट वाणिज्य बैकहरूले गत वर्ष रु.७७ करोडभन्दा बढी ऋण लिएकामा समीक्षा अवधिमा जम्मा रु.९.५ करोड मात्र सो सुविधा अन्तर्गत ऋण लिएका छन् ।

९. २०६२ भाद्र मसान्तसम्म नेपाल राष्ट्र बैंकबाट उपयोग भएको बाँकी रुग्ण उद्योग पुनरकर्जाको सुविधा रु. ५.६ करोड रहेको छ । २०६१ भाद्र मसान्त सम्म बाँकी रुग्ण उद्योग पुनरकर्जा सुविधा रु. १९ करोड रहेको थियो ।

## शेयर बजार गतिविधि

१०. नेप्से परिसूचक २०६१ भाद्र महिनाको तुलनामा २०६२ भाद्र मसान्तमा २५.१ प्रतिशतले बढेर २९३.३ विन्दुमा पुगेको छ । नेप्से परिसूचक बढ्नाका कारणहरु मध्ये शेयर बजारमा ठूलो हिस्सा ओगटेका वाणिज्य बैंकहरु तथा वित्तीय कम्पनीहरूको मुनाफामा वृद्धि प्रमुख रहेको छ । त्यस्तैगरी, ब्याजदरमा कमी, अपर्याप्त वैकल्पिक लगानीका अवसरहरु, निरन्तर रुपमा निजी क्षेत्रको विप्रेषण आप्रवाहमा वृद्धि, नेप्से परिसूचक बढ्नुका अन्य प्रमुख कारणहरु रहेका छन ।

११. शेयर बजारका अन्य सूचकहरु मध्ये सूचीकृत भएका कम्पनीहरुको संख्या गत वर्ष ११५ रहेकोमा २०६२ भाद्रमा १२५ पुगेका छ । सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी ३९.० प्रतिशतले बढेर २०६२ भाद्र मसान्तमा रु. १७ अर्ब ३९ करोड पुगेको छ । चुक्ता पूँजी वृद्धि हुने कम्पनीहरूमा धेरै जसो बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् ।




१२. सूचीकृत कम्पनीहरूको वजार पूँजीकरण ४९ प्रतिशतको उल्लेखनीय दरले वृद्धि भएर २०६२ भाद्र मसान्तमा रु. ६६ अर्ब ९५ करोड पुगेको छ। २०६१ भाद्रमा बजार पूँजीकरण कूल गार्हस्थ उत्पादन अनुपात ९ प्रतिशत रहेकोमा २०६२ भाद्रमा १२.७ प्रतिशत पुगेको छ। कूल कारोवार को बजार पूँजीकरणसंगको अनुपात (Turnover Ratio), जुन शेयर बजारको तरलता नाप्न प्रयोग गरिन्छ, २०६१ भाद्रको ४.० प्रतिशतबाट २०६२ भाद्रमा ०.३ प्रतिशतमा झरेको छ। गत वर्ष वणिज्य बैंकहरु र उत्पादनशील उद्योगहरुको ब्लक (block) शेयर कारोवार भएको र समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले अग्राधिकार शेयर तथा वोनस शेयर जारी गरेका हुदाँ सो तरलता अनुपात अघिल्लो वर्षको तुलनामा घटेको हो।

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

१३. विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क ( २०५२।५३ = १००) २०६२ भाद्रमा ८.२ प्रतिशतले बढेको छ । २०६१ भाद्रमा मुद्रास्फीतिदर २.६ प्रतिशत मात्र रहेको थियो ।

१४. गत वर्षको दाँजोमा मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि हुनुमा चामल तथा चामलजन्य पदार्थको मूल्यमा भएको उच्च वृद्धि तथा पेट्रोलियम पदार्थको मूल्य वृद्धिबाट घरायसी सरसामान तथा सेवाहरु, यातायात एवं सञ्चारका साथै रेष्टुराँको खानाको मूल्यमा भएको वृद्धि प्रमुख कारकको रुपमा रहेका छन् । साथै समीक्षा अवधिमा माछा, मासु तथा फूल, पेय पदार्थका साथै दलहनको मूल्यमा भएको वृद्धिले समेत मूल्य सूचकाङ्कको वृद्धिदर उच्च रहेको छ। गत आर्थिक वर्षको प्रथम दुई महिनाको वार्षिक औषत मूल्य वृद्धिदर २.५ प्रतिशत रहेकोमा यस वर्ष यस्तो वृद्धिदर ७.८ प्रतिशत रहेको छ ।

१५. खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क गत वर्ष ३.३ प्रतिशतले बढेकोमा यस वर्ष ७.१ प्रतिशतले बढेको छ । अन्न तथा अन्नबाट बनेका परिकारहरु, चिनी तथा चिनीजन्य पदार्थ, पेय पदार्थ, रेष्टुराँको खाना, दलहन, माछा-मासु तथा फुल, एवं दूध तथा दुग्धजन्य पदार्थको मूल्य बढेको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा यस समूहको मूल्य सूचकाङ्क बढेको हो ।

१६. यस वर्ष गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ९.३ प्रतिशतले बढेको छ । गत बर्ष यस्तो मूल्य सूचकाङ्क १.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिको प्रभावबाट घरायसी वस्तु तथा सेवा एवं यातायात तथा संचारको मूल्यमा परेको उच्च दवावको कारण यस समूहको मूल्य सूचकाङ्कमा बढी दरले वृद्धि भएको हो ।

१७. क्षेत्रगत आधारमा काठमाडौं उपत्यका, तराई र पहाडमा क्रमशः ६.८ प्रतिशत, ८.८ प्रतिशत र ९.१ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्षको यसै अवधीमा यो वृद्धिदर क्रमशः४.४ प्रतिशत, २.१ प्रतिशत र १.३ प्रतिशत मात्र रहेको थियो ।

### थोक मूल्यमा आधारित मुद्रास्फीति

१८. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६।५७ = १००) २०६२ भाद्र महिनामा ९.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ६.१ प्रतिशत मात्र रहेको थियो । गत वर्षको तुलनामा समीक्षा अवधिमा नगदेवाली तथा लत्ताकपडाको मूल्यमा ऱ्हास आएतापनि खाद्यान्न तथा पशुजन्य पदार्थको मूल्यमा भएको वृद्धिको साथै पेट्रोलियम पदार्थ र कोइला एवं रसायनिक मल तथा रसायनिक बस्तुको मूल्यमा भएको उच्च दरको वृद्धिबाट समग्र मूल्य सूचकाङ्क बढी दरले वृद्धि भएको हो । समूहगत रुपमा आयातित बस्तुहरु, कृषि सम्बन्धी बस्तुहरु र स्वदेशमा उत्पादित बस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः

१४.३ प्रतिशत, ८.६ प्रतिशत र ४.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको प्रथम दुई महिनाको वार्षिक औषत मूल्य वृद्धिदर ६.५ प्रतिशत रहेकोमा यस वर्ष यस्तो मूल्य वृद्धिदर ९.४ प्रतिशत रहेको छ ।


## सरकारी वित्त स्थिति

१९. नगद प्रवाहमा आधारित तथ्याङ्क अनुसार श्री ५ को सरकारको बजेट उच्च बचतमा रहेको छ । कुल सरकारी खर्चको तुलनामा गैर–ऋण साधन परिचालनको वृद्धिदर अधिक रहेको कारण २०६२ भाद्र मसान्तसम्ममा बजेट बचत रु. ४ अर्ब ४ करोड रहेको छ । गत वर्ष यसै अवधिमा रु. २ अर्ब ८ करोड बजेट बचत रहेको थियो । साथै, यस वर्ष वैदेशिक नगद ऋण रु. ५० करोड परिचालन भएको हुँदा सो रकमबाट अन्य शीर्षकमा रु. १ करोड मिलान गरी २०६२ भाद्र मसान्तमा सरकारको खातामा रु. ४ अर्ब ५४ करोड बचत रहेको छ । श्री ५ को सरकारको खातामा गत बर्षको यसै अवधिमा रु. २ अर्ब ४१ करोड बचत रहेको थियो ।


२०. कुल खर्च गत वर्षको प्रथम दुई महिनासमम्मा २५.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १७.१ प्रतिशतले बढेर रु. ८ अर्ब १ करोड पुगेको छ । यस वर्षको कुल खर्चमध्ये चालु खर्चतर्फ रु. ५ अर्ब २८ करोड (६५.९ प्रतिशत), पूजीगत खर्चतर्फ रु. ५ करोड (०.६ प्रतिशत) सांवा भुक्तानीतर्फ रु. ४० करोड (५.० प्रतिशत) र फ्रिजतर्फ रु. २ अर्ब २८ करोड (२८.५ प्रतिशत) रहेको छ ।

चार्ट २

कुल सरकारी खर्च संरचना




२१. गत वर्ष ९.७ प्रतिशतले वृद्धि भएको गैर ऋण साधन (राजस्व, गैरबजेटरी तथा अन्य आय र बाह्य अनुदान) यस वर्ष ३५.१ प्रतिशतको उच्च दरले वृद्धि भई रु. १२ अर्ब ५ करोड पुगेको छ । सरकारी साधनको प्रमुख स्रोतको रुपमा रहेको राजस्व (७३.० प्रतिशत अंश) गत वर्ष ८.४ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष १३.४ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ७९ करोड पुगेको छ । बाह्य अनुदान गत वर्ष रु.६८ करोड प्राप्त भएकोमा यस बर्ष ६५.८ प्रतिशतको उत्साहजनक दरले वृद्धि भई रु. १ अर्ब १२ करोड प्राप्त भएको छ ।




२२. यस वर्ष कुल खर्चको तुलनामा कुल गैर-ऋण साधन उच्च दरले बढेको फलस्वरुप सरकारी खातामा रकम बचत हुन गई २०६२ भाद्र मसान्तमासम्ममा श्री ५ को सरकारको तिर्न बाँकी आन्तरिक ऋण २०६२ आषाढको रु. ९० अर्ब ५ करोडबाट २०६२ भाद्र मसान्तमा रु. ८५ अर्ब ५१ करोडमा झरेको छ ।

**वैदेशिक व्यापार**

२३. भन्सारबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक बर्ष २०६२/६३ को प्रथम दुई महिनासम्ममा कुल निर्यात १०.८ प्रतिशतले बृद्धि भई रु. ९ अर्ब ७८ करोड पुगेको छ । त्यसैगरी कुल आयात २५.२ प्रतिशतले बढी रु २४ अर्ब ८४ करोड पुगेको छ । फलस्वरुप, यस अवधिमा कुल ब्यापार घाटा ३६.७ प्रतिशतले बढी रु १५ अर्ब ६ करोड पुगेको छ भने कुल ब्यापार २०.८ प्रतिशतले बढी रु. ३४ अर्ब ६३ करोड पुगेको छ । गत बर्षको सोही अवधिमा कुल निर्यात ५.५ प्रतिशतले बढेको तथा कुल आयात ६.० प्रतिशतले घटेको कारण ब्यापार घाटा १३.६ प्रतिशतले तथा कुल ब्यापार २.७ प्रतिशतले ह्रास भएको थियो ।

२४. समीक्षा अवधिमा भारततर्फको निर्यात २०.६ प्रतिशतले बढी रु. ६ अर्ब ३९ करोड पुगेको तर अन्य मुलकतर्फको निर्यात भने ३.८ प्रतिशतले घटी रु. ३ अर्ब ३९ करोडमा सीमित भएको छ । गत बर्षको सोही अवधिमा भारततर्फको निर्यात २६.४ प्रतिशतले वृद्धि भएको थियो भने अन्य मुलुकतर्फको निर्यात १५.४ प्रतिशतले ह्रास भएको थियो । यस बर्ष भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरुमध्ये चिया, अलैंची, वनस्पति घ्यू, चाउचाउ, जी.आई. पाता, पोलिष्टर धागो र तयारी पोशाकको निर्यातमा वृद्धि भएको छ भने दन्तमन्जन, प्लाष्टिकका सामान, धागो, ढुटोको तेल, एम. एस. पाइप तथा पश्मिनाका सामानहरुको निर्यातमा ह्रास आएको छ । यसैगरी अन्य मुलुकतर्फ पश्मिना र दालको निर्यात बढे तापनि तयारी पोशाक तथा ऊनी कार्पेटको निर्यातमा ह्रास आएको छ ।

२५. निर्यात भएका वस्तुहरुको समूहगत संरचना हेर्दा भारततर्फ भएको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमशः २३.२ प्रतिशत र ७६.८ प्रतिशत रहेकोमा यस बर्ष क्रमशः

२७.८ प्रतिशत र ७२.२ प्रतिशत रहेको छ । त्यसैगरी अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्ष क्रमशः ५.८ प्रतिशत र ९४.२ प्रतिशत रहेकोमा यस बर्ष क्रमशः ७.० प्रतिशत र ९३.० प्रतिशत पुगेको छ ।

२६. गत बर्ष भारतबाट भएको आयात ५.१ प्रतिशतले वृद्धि भएकोमा यस बर्ष २७.३ प्रतिशतले वृद्धि भई रु. १५ अर्व ४७ करोड पुगेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात गत बर्ष १९.५ प्रतिशतले घटेकोमा यस बर्ष २१.९ प्रतिशतले बढी रु. ९ अर्व ३७ करोड पुगको छ । यस बर्ष भारतबाट मुख्यतया चामल, रसायन, धागो, प्लाष्टिकका दाना, हट रोल्ड शीट, तयारी पोशाक, पोलिष्टर धागो एवं विद्युतीय उपकरण तथा सामाग्रीको आयात बढेको छ भने औषधि, कपडा, पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पुर्जा, अन्य यान्त्रिक उपकरण तथा पूर्जा, रासायनिक मल, एम.एस. विलेट, एम.एस. वायर रड र कोल्ड रोल्ड शीटको आयात घटेको छ । त्यसैगरी अन्य मुलुकबाट चिनी, टेक्सटाइल डाई, प्लाष्टिकका दाना, धागो, कच्चा सोयाविन तेल, कच्चा पाम तेल, स्टीलको तार, कम्प्यूटर तथा पुर्जाहरु र दूरसंचारका उपकरण तथा पूर्जाहरुको आयात बढेको छ भने कच्चा नरिवल तेल, रासायनिक मल, कच्चा ऊन, कपडा, यातायातका साधन तथा पूर्जाहरु, विद्युतीय उपकरण तथा पुर्जाहरु र टेलिभिजन, डेक तथा पुर्जाहरुको आयात घटेको छ ।

२७. आयातको संरचनालाई हेर्दा भारतबाट भएको कुल आयातमा औद्योगिक कच्चापदार्थ तथा पूँजीगत सामानको अंश २८.७ प्रतिशत र पेट्रोलियम पदार्थको अंश २१.० प्रतिशत रहेको छ भने बाँकी ५०.२ प्रतिशत उपभोग्य सहितका विविध वस्तुहरुको अंश रहेको छ । गत वर्षको सोही अवधिमा भारतबाट भएको आयातमा उक्त समूहगत वस्तुहरुको अंश क्रमश ४३.३ प्रतिशत, २७.६ प्रतिशत र २९.१ प्रतिशत रहेको थियो । त्यसैगरी अन्य मुलुकबाट भएको आयातमा औद्योगिक कच्चा पदार्थ तथा पूँजीगत सामानको अंश गत वर्ष ५०.७ प्रतिशत रहेकोमा यस बर्ष ५२.७ प्रतिशत रहेको छ ।

२८. कुल व्यापारमा भारतको अंश गत बर्षको ६०.९ प्रतिशतबाट आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनामा ६३.१ प्रतिशत पुगेको छ भने अन्य मुलुकतर्फको अंश सोही अनुसार गत वर्षको ३९.१ प्रतिशतबाट यस बर्ष ३६.९ प्रतिशतमा झरेको छ ।

२९. नेपालको कुल निर्यात/आयात अनुपात (Export/Import Ratio) गत बर्ष ४४.५ प्रतिशत रहेकोमा यस बर्ष यो अनुपात घटेर ३९.४ प्रतिशत पुगेको छ । भारततर्फको निर्यात/आयात अनुपात गत बर्ष ४३.६ प्रतिशत रहेकोमा यस बर्ष ४१.३ प्रतिशत पुगेको छ । अन्य मुलुकतर्फको उक्त अनुपात गत बर्ष ४५.८ प्रतिशत रहेकोमा यस बर्ष ३६.२ प्रतिशत रहेको छ ।

## शोधनान्तर स्थिति

३०. मौद्रिक सर्भेक्षण अनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम दुई महिनामा रु. २ अर्ब १३ करोड शोधनान्तर बचत भएको छ । गत वर्षको सोही अवधिमा शोधनान्तर रु. ८२ करोडले घाटामा थियो । खुद सरकारी ऋण आप्रवाह तथा निजी क्षेत्रको विप्रेषणमा वृद्धिको कारण समीक्षा अवधिमा शोधनान्तर बचत रहेको हो ।


३१. शोधनान्तर तथ्याङ्क अनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम महिनामा चालु खाता (Current Account) बचत रु. १ अर्ब ६ करोडले ऋणात्मक रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खातामा रु. २ अर्ब ४ करोड बचत भएको थियो । खुद ट्रान्सफर आयमा वृद्धिको क्रम कायमै रहेतापनि व्यापार घाटामा उल्लेख्य वृद्धि तथा खुद सेवा आयमा ह्रास आएको कारण चालू खातामा यसरी घाटा भएको हो । ट्रान्सफर आयतर्फ निजी क्षेत्रको विप्रेषण (Workers' Remittances) गत वर्षको पहिलो महिनामा ३.६ प्रतिशतले ह्रास भएको तुलनामा यस वर्ष १०.८ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ९४ करोड पुगेको छ ।

३२. पूँजी खाता अर्न्तगत यस वर्ष रु. ६९ करोड बराबर पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ९ करोड प्राप्त भएको थियो ।

३३. वित्तीय खाता (Financial Account) तर्फ यस वर्षको पहिलो महिनामा रु. ५३ करोड १४ लाख बराबरको सरकारी ऋण आप्रवाह भएको र साँवा भुक्तानी रु. १६ करोड ३५ लाख भएको छ । गत वर्षको पहिलो महिनामा रु. ३ करोड ९४ लाख सरकारी ऋण आप्रवाह भएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. १ अर्ब २१ करोडले बढेको छ ।

## विदेशी विनिमय संचिति

३४. २०६३ भाद्र मसान्तमा कुल विदेशी विनिमय संचिति ३.४ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ३३ अर्ब ५५ करोड पुगेको छ । २०६१ भाद्र मसान्तमा यस्तो संचिति २२.५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब २९ अर्ब १२ करोड पुगेको थियो । २०६२ भाद्रको तुलनामा २०६३ भाद्रमा परिवर्त्य बिदेशी विनिमय संचिति ६.४ प्रतिशतले वृद्धि भएको छ । बैंकिङ्ग प्रणालीबाट आउने बिप्रेषण रकम बढेको कारण परिवर्त्य संचिति यसरी बढेको हो । अपरिवर्त्य संचिति यस अवधिमा ३१.३ प्रतिशतले घटेको छ । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश गत वर्षको ९२.० प्रतिशतबाट बढेर ९४.७ प्रतिशत पुगेको छ भने सोही अनुसार अपरिवर्त्य संचितिको अंश ८.० प्रतिशतबाट घटेर ५.३ प्रतिशतमा सीमित रहेको छ । यस वर्षको प्रथम दुई महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १०.८ महिनाको वस्तु आयात र ८.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ ।




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

३५. अर्न्तराष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ भाद्र मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४२.१५ रहेकोमा २०६२ भाद्र मसान्तमा ४५.३ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ६१.२५ पुगेको छ । यसै गरी सुनको मूल्य गत भाद्र मसान्तको तुलनामा २०६२ भाद्र मसान्तमा १२.५ प्रतिशतले वृद्धि भई प्रति औंस अमेरिकी डलर ४०४.४ बाट अमेरिकी डलर ४५४.८ पुगेको छ ।

३६. २०६१ भाद्र मसान्तमा नेपाली रुपैया प्रति अमेरिकी डलरको विनिमय दर रु ७४.२४ रहेकोमा २०६२ भाद्र मसान्तमा नेपाली रुपैया ४.६ प्रतिशतले अधिमूल्यन भई सो दर रु. ७१.०० पुगेको छ ।

*****